# गण्डकी प्रदेश सरकार

# गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

---

**अनुसूची- ३**

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

**आवधिक योजना निर्माणको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०१

गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश नीति तथा योजना आयोगको चालु आर्थिक बर्ष २०८१/८२ को **प्रदेश र स्थानीय तहको साझेदारीमा स्थानीय तहको आवधिक योजना निर्माण कार्यक्रम** कार्यान्वयनका लागि 'आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१' को दफा १२ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र गण्डकी प्रदेश भित्रका सो कार्यविधिको दफा ११ अनुसारको योग्यता पुगेका स्थानीय तहले अनुसूची-२ अनुसारको ढाँचामा प्रस्ताव तयार गरी देहाय बमोजिमका कागजात सहित आवेदन पेश गर्नुहुन अनुरोध छ।

यस सम्बन्धी थप जानकारी आयोगको वेबसाइट http://ppc.gandaki.gov.np मा रहेको **'आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१'** मार्फत प्राप्त गर्न सकिने छ। (http://ppc.gandaki.gov.np/acts-rules/10/52306469)

**देहायः**

१) अनुसूची-२ बमोजिमको ढाँचामा आवधिक योजना निर्माण प्रस्ताव

२) लागत साझेदारीमा योजना निर्माण गर्ने सम्बन्धी गाउँ/नगर कार्यपालिका बैठकको निर्णयको प्रमाणित प्रति।

३) चालु आर्थिक बर्षमा आवधिक योजना निर्माणको लागि स्थानीय तहबाट बजेट विनियोजन भएको हकमा सोको विवरण।

४) योजना निर्माणको लागि गाउँ/नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत कुल लागत अनुमानको प्रमाणित प्रतिलिपि।

**थप जानकारीका लागि,**

सम्पर्क व्यक्तिको नामः विजया भट्टराई
सम्पर्क नम्बरः ९८६६८७९६४१